माथागढी गाउँपालिका
गाउँ कार्यपालिकाको
पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

***(दोस्रो पटक संशोधन, २०८२)**

प्रस्तावना : व्यवसायिक कृषक तथा उद्यमीहरुले सञ्चालन गरिरहेको व्यवसाय र सो को सम्भाव्यताको आधारमा अनुदान र अनुदानमा पशुपन्छी तथा मत्स्यजन्य सामाग्री वितरण गरेमा पशुजन्य उत्पादन व्यवसाय दिगो र व्यवसायिक रुपमा अगाडि बढ्न सक्दछ । पालिकाबाट पशुपन्छी विकास तथा मत्स्य तर्फ सञ्चालित कार्यक्रम व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा संचालन गर्न माथागढी गाउँपालिकाले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० लागु गरेको छ ।

परिच्छेद १
प्रारम्भिक

१.संक्षिप्त नाम तथा प्रारम्भ :

क) यस कार्यविधिको नाम "पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८०" रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. परिभाषा :

क) "गाउँपालिका" भन्नाले माथागढी गाउँपालिका सम्भनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले माथागढी गाउँपालिकाको गाउँ कार्यपालिका सम्भनु पर्दछ ।

ग) "शाखा" भन्नाले पशुपन्छी विकास शाखा सम्भनुपर्दछ ।

घ) "कृषक" भन्नाले माथागढी गाउँपालिका क्षेत्रका पशुपन्छी र मत्स्य पालक कृषक सम्भनु पर्दछ ।

ङ) "कार्यविधि" भन्नाले पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० सम्भनु पर्दछ ।

च) "अनुदान कार्यक्रम" भन्नाले माथागढी गाउँपालिकाबाट पशुपन्छी विकास शाखा माफर्त अनुदानमा सञ्चालित कार्यक्रम सम्भनु पर्दछ ।

छ) "लागत सहभागिता" भन्नाले कृषकले बेहोर्नुपर्ने रकम वा प्रतिशत सम्भनुपर्दछ ।

ज) "कार्यालय" भन्नाले माथागढी गाउँपालिकाको कार्यालय सम्भनु पर्दछ ।

झ) "वडा" भन्नाले माथागढी गाउँपालिकाका वडाहरु सम्भनु पर्दछ ।

परिच्छेद २
उद्धेश्य

३) कार्यविधिको उद्धेश्य :

क) गाउँपालिकाबाट सञ्चालन हुने पशुपन्छी तथा मत्स्य विकास सम्वन्धी कार्यक्रम प्रकृयालाई सरल, सहज, प्रभावकारी, पारदर्शी एवं गुणस्तरयुक्त बनाउने ।

ख) पशुपन्छी तथा मत्स्य पालन व्यवसायलाई दिगो, मर्यादित, प्रतिस्पर्धी एवं उत्पादनमूलक बनाउने ।

अध्यक्ष

ग) अनुदानमा आधारित कार्यक्रममा अनुदान वितरण प्रकृयालाई सरल र वैज्ञानिकयुक्त बनाई निष्पक्ष र पारदर्शी बनाउने ।

घ) सेवा प्रवाहको प्रकृयालाई सरल, निष्पक्ष र प्रणालीयुक्त बनाउने ।

ङ) पशु उपचार, पशु स्वास्थ्य र रोग निदान प्रकृयालाई गुणस्तरीय बनाउने ।

च) लाभग्राहीहरुको छनौट प्रकृयालाई स्पष्ट र पारदर्शी बनाउने ।

छ) पशुपन्छीजन्य पदार्थ तथा मत्स्य उत्पादनमा पालिकालाई आत्मनिर्भर बनाउने ।

परिच्छेद ३
कार्यक्रम र सञ्चालन प्रकृया

४) पशुपन्छी तथा मत्स्य स्वास्थ्य कार्यक्रम :

१) पशुपन्छी तथा मत्स्य उपचार सेवा :

गाउँसभाबाट स्वीकृत बजेट तथा कार्यक्रमको परिधिभित्र रही माथागढी गाउँपालिकाका कृषकले पालन गरेका पशुपन्छी तथा मत्स्यको स्वास्थ्य परिक्षण, निदानका आधारमा पशपुन्छी तथा मत्स्य उपचारजन्य औषधी शाखा वा कार्यालयले तोकेको स्थानबाट स्वीकृत बजेटको परिधिभित्र रहि नि:शुल्क वितरण गर्नेछ ।

२) नि:शुल्क खोप सेवा कार्यक्रम :

१) माथागढी गाउँपालिकाका कृषकहरुले पालन गरेका पशुपन्छीमा विभिन्न समयमा देखा पर्ने महामारी जन्य रोगहरुको रोकथामका लागि तपसिल बमोजिमका रोगहरु विरुद्ध स्वीकृत बजेट को परिधिभित्र रहि नि:शुल्क खोप सेवा कार्यक्रम सञ्चालन गर्नेछ ।

तपसिल :

क) भ्यागुते/चरचरे

ख) खोरेत

ग) पिपिआर

घ) स्वाईनफिभर

ङ) रानीखेत

च) गम्बारो

छ) रेविज

*ज) लम्पि स्किन

झ) अन्य

*२) खोप सेवा सञ्चालन गर्न सार्वजनिक सूचना मार्फत निजी क्षेत्रका भेटेरिनरी प्राविधिक (ग्रा.प.स्वा.का., जेटिए,जेटि) लाइ प्रत्येक आ.व.का लागि भ्याक्सिनेटर नियुक्ती/सम्झौता गरी काममा लगाउन सकिनेछ र आवश्यक परेमा वा कुनै पनि सार्वजनिक सूचना मार्फत आवेदन नपरेको खण्डमा कार्यरत रहेको पशु स्वास्थ्य प्राविधिकलाई कार्यालयको काम प्रभावित नहुने गरी भ्याक्सिनेटर नियुक्त गरी भ्याक्सिनेशन कार्यक्रम संचालन गर्न सक्नेछ ।

३) खोप सेवा सञ्चालन गर्दा बजेट तथा कार्यक्रमको परिधिभित्र रहि रोगको फैलावट, पशुपन्छी पालनको घनत्व, पशुहाटबजार आदिका आधारमा जोखिम क्षेत्रको विश्लेषण गरि सोही आधारमा खोप कार्य सञ्चालन गरिनेछ ।

४) खोप कार्यक्रम सञ्चालनका लागि सम्वन्धित क्षेत्रका जनप्रतिनिधि,कृषक तथा सरोकालवालाहरुसगँ शाखाले समन्वय गर्नेछ ।

५) खोपका लागि आवश्यक पर्ने औषधी, सामाग्री तथा आवश्यक व्यवस्थापन गाउँकार्यपालिकाको कार्यालयले गर्नेछ ।

६) खोप लगाउनका लागि अटोमेटिक सिरिञ्ज वा साधारण सिरिञ्ज प्रयोग गरिएतापनि एकै गोठका लागि प्रति १० जनावर वा सोभन्दा कम भएमा प्रति गोठका लागि छुट्टा छुट्टैसिरिञ्ज निडिल प्रयोग गरिनेछ ।

७) खोप लगाएका पशुको पहिचानका लागि शाखाले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

८) भ्याक्सिनेशन गरेको विवरण (पशु संख्या) खुल्ने फारममा सम्बन्धित पशुपालक कृषक र वडा अध्यक्ष वा सचिवबाट प्रमाणित गराई भ्याक्सिनेटरले शाखामा पेश गर्नुपर्नेछ ।

९) खोप कार्यको गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, वडा अध्यक्ष लगायतका सरोकारवाला निकायले अनुगमन तथा मूल्याङ्कन गर्नसक्नेछ ।

१०) रोगकोसम्भावित आउटबेक नियन्त्रणका लागि शाखाले खोपको केही मात्रा भण्डारण गरी राख्नुपर्नेछ ।

११) खोप कार्य र रोगको नियन्त्रणका लागि शाखाले गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको आदेशमा अन्य निकायसगँ समन्वय र सहकार्य गर्न सक्नेछ ।

१२) खोप कार्यका लागि वडा कार्यालयको प्रमाणित भरपाईका आधारमा प्रदेश र संघीय सरकारले भ्याक्सिनेटरको पारिश्रमिक शुल्क तोकिए बमोजिम भ्याक्सिनेटरलाई पारिश्रमिक वापतको रकम भुक्तानी गरिनेछ ।

१३) अनुगमन कार्यका लागि अनुगमनमा खटिने जनप्रतिनिधि तथा कर्मचारीले प्रचलित कानुन अनुसारको सुविधा प्राप्त गर्नेछन् ।

३) घाँसका बीउ वितरण कार्यकम :

क) माथागढी गाउँपालिकाका कृषकलाई उत्पादन लागत घटाउन र घाँसखेतीमा प्रोत्साहन गर्न गाँउ सभाबाट कार्यक्रम स्वीकृत भए बमोजिम अनुदानमा विभिन्न जातका घाँसका बीउ शाखाले वितरण गर्नेछ ।

ख) बीउ वितरणका लागि व्यवसायीक पशुपालक कृषक तथा पालिकाका अन्य पशुपालक कृषकहरुलाई सार्वजनिक सूचना मार्फत माग संकलन गरि कृषकले पालन गरेको पशु संख्या, जमिन तथा मागका आधारमा हिउदे,बर्षे, बहुवर्षे, डाले प्रकृतिका बिभिन्न जातका घाँसको बीउ वितरण गरिनेछ ।

ग) स्वीकृत गरेको बजेटको परिधिभित्र रहि विभिन्न जातका घाँसको बीउ शत प्रतिशत वा निश्चित प्रतिशत अनुदानमा वितरण गरिनेछ ।

घ) कार्यकम संचालन प्रकिया परिच्छेद ४ बमोजिम हुनेछ ।

***४) प्राकृतिक नश्ल सुधार कार्यकम**

पशुको जातिय सुधार ल्याउनको लागि कस ब्रिडिङको महत्वपूर्ण भूमिकाहुन्छ हाम्रो जस्तो भौगोलिक विकटता भएको क्षेत्र र कृषकहरुमा नयाँ प्रविधि सम्बन्धी उचित ज्ञानको कमी तथा न्यून प्राविधिक जनशक्ती भएको अवस्थामा कस प्रजनन्को एकदमै महत्व छ । बाखा, बंगुर तथा गांई/भैंसीपालन लगायत अन्य व्यवसायको प्रचुर सभांवना बोकेको यस माथागढी गाउँपालिकाका लागि उन्नत जातको नश्ल वितरण कार्यकम संचालन गरी स्थानीय जातका पशुहरुमा जातीय सुधार भई कृषकहरुको आम्दानी र सहुलियत रुपमा प्रजनन् गर्ने उद्धेश्यले प्राकृतिक नश्ल सुधारको लागि बजेट विनियोजित गरिएको हो ।

क) पशुपालक कृषक समुह/फार्महरुलाई ७५ प्रतिशत अनुदानमा उन्नत जातका नश्ल वितरण गरिनेछ ।

ख) निजी उद्यमी/समुह/फार्म छनौट गर्दा कृषक समुहको सदस्यहरुको सक्रियता भएको साथै समुह/फार्म दर्ता नविकरण जस्ता विषय बस्तुहरुलाई प्राथमिकता दिईनेछ ।

ग) उन्नत जातको नश्ल खरिद गर्दा दर्तावाला जातिय गुण भएको, विश्वासिलो फार्मबाट प्रचलित आर्थिक ऐन नियमनुसार खरिद गर्नुपर्नेछ ।

घ) यस कार्यक्रम बाट लाभांवित हुनका लागि निजि उद्यमी/फार्मको हकमा बाखाको संख्या कम्तिमा १० वटा, बंगुरको संख्या ३ वटा, भैंसीको संख्या कम्तिमा ३ वटा र समुहको हकमा प्रति कृषक बाखा ५ वटा, बंगुरको २ वटा र भैंसी २ वटा हुनुपर्दछ ।

ङ) कार्यक्रम संचालन प्रकिया परिछेद ४ बमोजिम हुनेछ ।

५) भकारो सुधार कार्यक्रम

गाई/भैंसीको मलमुत्रमा पाईने खाध्यतत्वलाई बचाउन र गुणस्तर वृद्धि गर्न भकारो सुधार कार्यक्रम महत्वपुर्ण रहेको र भकारो सुधारबाट प्राङ्गारिक खेतीमा समेत महत्वपुर्ण योगदान दिनसक्ने भएको यथार्ततालाई समेत मध्यनजर गरी रासायनिक प्रभावबाट मानव स्वास्थ्यमा पर्नसक्ने प्रभावलाई केही हदसम्म कमगरी पर्यावरणमा समेत महत्वपुर्ण भूमिका निर्वाह गर्नेछ ।

क) यस कार्यक्रमबाट लाभांवित हुने कृषकले कुनैपनि दोहोरो अनुदान नलिएको कम्तिमा २ वटा गाई/भैंसी पालेको हुनुपर्नेछ ।

ख) कार्यक्रम संचालन गाउँपालिकाबाट ७५% अनुदान र कृषकबाट २५% गरी कार्यक्रम सम्पन्न गरिनेछ ।

ग) यो अनुदान रकमबाट गोठको संरचना अन्तर्गत रहेर थरी तथा ढोड सुधार र मल/मुत्र व्यवस्थापन जस्ता कार्य गर्न सकिनेछ ।

घ) छनौट भएका कृषहरुले प्राविधिक ईस्टिमेट र मुल्याङ्कनको आधारमा रकम भूक्तानी पाउनेछ ।

ङ) कार्यक्रम संचालन प्रकिया परिछेद ४ बमोजिम हुनेछ ।

क.स	कार्यक्रम	मापदण्ड	क्रियाकलाप	अनुदान सीमा
*६	डेरी पसल सुधार	• उपयुक्त फर्म/कम्पनी/सहकारी छनौट गरी कार्यक्रम सञ्चालन गर्ने, • निर्माण गरिने डेरी पसल आफ्नो स्वामित्व हुनुपर्ने वा लिजमा लिएको भए कम्तिमा १० वर्षको सम्झौता हुनुपर्ने । • सहभागी हुने प्रस्तावकले दैनिक रूपमा कम्तीमा १०० लिटर दुधको कारोवार गरिरहेको हुनुपर्ने, • स्थानीय निकाय र प्यानमा दर्ता भएको हुनुपर्नेछ	• डेरी पसलको विक्रि कक्ष निर्माण, डेरी पसलको बिक्री कक्षको टायल/मार्वल लगाउने कार्य, • Stainless Steel Milk Can तथा आवश्यक अन्य औजार/उपकरणहरू खरिद । • मूल्य सूची वोर्ड	• ५० प्रतिशत अनुदान • अधिकतम रु. ३ लाख।

अख्तियार

*७	मासु पसल सुधार	• उपयुक्त फर्म/कम्पनी/सहकारी छनोट गरी कार्यक्रम सञ्चालन गर्ने, • निर्माण गरिने मासु पसल आफ्नो स्वामित्व हुनुपर्ने वा लिजमा लिएको भए कम्तिमा १० वर्षको सम्झौता हुनुपर्ने । • सहभागी हुने आवेदकले मासिक ठूलो पशुको हकमा कम्तीमा १००० किलो, साना पशु तथा पन्छीको हकमा कम्तीमा ३०० किलो मासु बिक्री वितरण गरिरहेको हुनुपर्ने, • स्थानीय तहका शहर उन्मुख क्षेत्रलाई लक्षित गरी गरी मासुको बिक्री वितरणमा संलग्न वा यसलाई व्यवस्थित गर्न चाहने मासु व्यवसायीहरूले प्राथमिकता पाउनेछन । • स्थानीय निकाय र प्यानमा दर्ता भएको हुनुपर्ने	• मासु काट्ने र प्रशोधन गर्ने यन्त्र उपकरणहरु खरिद, • पसलको बिक्री कक्षको टायल/मार्वल लगाउने कार्य, सिसा/जालि सहितको विक्रि कक्ष निर्माण वा खरिद, • मूल्य सूची वोर्ड	• ५० प्रतिशत अनुदान • प्रति योजना अधिकतम रु. १ लाख ।
८	डोर टु डोर पशु/ बाँझोपन निवारण सेवा	• कार्यालयले एक पटकमा कम्तीमा ३५ वटा समस्यायुक्त गाई भैसीहरू देखिएको क्षेत्र पहिचान गरी स्थलगत कार्यक्रम सञ्चालन गर्नुपर्ने, निम्नानुसारको जनशक्ति भएको टोली आवश्यकताका आधारमा परिचालन गर्न सकिनेछः- • विषय विज्ञ , • पशु चिकित्सक/पशु विकास अधिकृत, सहायकस्तरको प्राविधिक कर्मचारी, • कार्यक्रम सञ्चालन पश्चात ३ महिना पछि फलोअप गरी प्रतिवेदन तयार गर्नुपर्ने ।	• कार्यक्रम सञ्चालनमा दैनिक भ्रमण खर्च खाजा खर्च, • इन्धन,औषधी,हर्मोन, मिनरल, भिटामिन, सिथ,ग्लोब, एप्रोन, सिरिन्ज, निडिल, लगायत, अन्य आवश्यक सामग्री उपकरण एवं लजिस्टीक नतिजामापन रिर्पोटिङ्ग जस्ता क्रियाकलापमा गर्ने ।	• कार्यालयले लागत अनुमानसहितको कार्ययोजना स्वीकृत गरी सञ्चालन गर्ने । • बाह्य विज्ञलाई विशिष्ट श्रेणी सरहको दैनिक भ्रमण खर्च दिन सकिने । • स्थानीय तहको प्राविधिकलाई नियमानुसार दैनिक भ्रमण खर्च दिन सकिने ।
*९	बंगुर तथा बाख्राको खोर सुधार कार्यक्रम	• उपयुक्त फार्म/व्यक्ति छनौट गरी कार्यक्रम सञ्चालन गर्ने र छनौट भइसकेका फार्महरुले स्थानीय निकायमा अनिवार्य नविकरण/दर्ता गराउनुपर्ने । • बाख्रा संख्या कम्तिमा १० वटा हुनुपर्ने • फार्म दर्ता भएका फर्महरुलाई प्राथमिकता दिइनेछ । • बंगुर संख्या कम्तिमा २ वटा हुनुपर्ने	• खोर सुधारका लागि आवश्यक पर्ने सामाग्री खरिद गर्न सकिने • प्राविधिक स्टिमेतको आधारमा निर्माण गर्नुपर्ने । • प्राविधिक मूल्याङ्कनको	• ७५ प्रतिशत अनुदान • प्रति योजना अधिकतम रु.४० हजार ।

अद्यावधिक

		• फार्म दर्ता भएका फर्महरुलाई प्राथमिकता दिइनेछ ।	आधारमा भूक्तानी दिईनेछ ।	
*१०	माछा प्रवर्द्धन कार्यक्रम	• उपयुक्त फार्म/व्याक्ति छनौट गरी कार्यक्रम सञ्चालन गर्ने र छनौट भइसकेका फार्महरुले स्थानीय निकायमा अनिवार्य नविकरण/दर्ता गराउनुपर्ने । • पानीको स्थायी श्रोत भएको • कम्तिमा १ रोपनी जलाशय क्षेत्रफल कायम हुने गरी नयाँ पोखरी निर्माण गर्नुपर्नेछ । • पोखरी निर्माण गरिने जग्गा आफ्नो स्वामित्व हुनुपर्ने वा लिजमा लिएको भए कम्तिमा १० वर्षको सम्झौता हुनुपर्ने । • पोखरीको गहिराई कम्तिमा १.२ मिटर हुनुपर्ने	• कार्यालयले उपलब्ध गराएको लेआउट तथा डिजाईन अनुसार आवेदनकले नयाँ पोखरी निर्माण गर्नुपर्नेछ ।	• ५० प्रतिशत अनुदान • प्रति योजना अधिकतम रु.१ लाख
*११	एक वडा एक पशुपंक्षी फार्म विस्तार कार्यक्रम	• उपयुक्त व्यवसायिक कृषक छनौट गरी कार्यक्रम सञ्चालन गर्ने र छनौट भइसकेका फार्महरुले स्थानीय निकायमा अनिवार्य नविकरण/दर्ता गराउनुपर्ने । • कम्तिमा बाख्रा संख्या १५-२० वटा • कम्तिमा बंगुर संख्या ५ वटा • कम्तिमा गाई/भैंसीको संख्या ३-५ वटा • फार्म विस्तारको लागि जग्गा आफ्नो स्वामित्व हुनुपर्ने वा लिजमा लिएको भए कम्तिमा १० वर्षको सम्झौता हुनुपर्ने ।	• खोर निर्माणको लागि आवश्यक पर्ने सम्पुर्ण सामग्रीहरु खरिद गर्ने • फार्मका लागि आवश्यक पर्ने औजार उपकरण खरिद गर्ने • नश्ल सुधारका लागि उन्नत पशु खरिद	• खोर निर्माण तथा औजार उपकरणमा ५० प्रतिशत अनुदान • नश्ल सुधारमा ७५ प्रतिशत अनुदान • प्रति योजना अधिकतम रु. २ लाख

१२) फर्म दर्ता/नविकरण गरेवापत ५ के.जी मिनरल मिक्स्चर वितरण कार्यक्रम :

माथागढी गाउँपालिका भित्र पशुपंक्षीपालक कृषकलाई पशुपंक्षीपालनमा थप आकर्षण तथा उत्पादनमा बृद्धि हुने हेतुले यस आ.व. भित्र पशुपंक्षी तथा मत्स्य फर्म दर्ता/नविकरण गरेवापत अभिलेखको आधारमा सो फार्मलाइ निःशुल्क ५ के.जी मिनरल मिक्स्चर वितरण गरिनेछ ।

परिच्छेद ४
कार्यक्रम सञ्चालन तथा भुक्तानी

५) कार्यक्रम सञ्चालन तथा भुक्तानी प्रकृया :

अध्यक्ष

क) पशुपन्छी विकास कार्यक्रम अन्तर्गत अनुदानमुखी कार्यक्रम सञ्चालनका अनुसूची १ बमोजिमको ढाचाँमा प्रमुख प्रशासकीय अधिकृतको आदेशले शाखा मार्फत १५ दिने सार्वजनिक सूचना आव्हान गर्ने ।

ख) इच्छुक कृषकहरुले अनुसूची २ बमोजिमको ढाँचामा अनुसुची ३ बमोजिमका कागजात संलग्न राखी अनुसूची ४ बमोजिमको ढाचाँमा प्रस्तावना सहित सूचनामा तोकिए बमोजिमको कार्यालयमा निवेदन पेश गर्ने ।

ग) निवेदन सहित पेश गर्ने कागजात र प्रस्तावनाको ढाँचा कार्यक्रम अनुसार सूचनामा उल्लेख गरे बमोजिम रहने ।

घ) मेसिनरी औजार, माछा मासु डेरी पसल सुधार लगायतका अनुदान कार्यक्रम रित पूर्वक पर्न आएका प्रस्तावहरुको अनुसूची ५ का आधारमा मूल्याङ्न गर्नेछ ।

ङ) दफा 'घ' बमोजिम छनौट भएका प्रस्तावकको स्वीकृत कार्ययोजना, लागत स्टिमेत अनुसार अनुसुची ६ बमोजिम सम्झौता गर्ने ।

च) सामाग्री खरिद गरी वितरण गर्ने कार्यक्रममा प्रचलित कानुन बमोजिम कार्यालयले खरिद गरी तोकिए बमोजिमको अनुदान र कृषकको लागत सहभागितामा शाखाले वितरण गर्ने ।

छ) अनुदान रकम भुक्तानी गर्नुपर्ने निर्माण,मर्मत सुधारजन्य अनुदानमा अनुदानग्राहीसगँ भएको सम्झौता बमोजिमको कार्यसम्पन्न पश्चात पेश हुन आएका बिल भरपाईका आधारमा बैंक खाता माफर्त अनुदान रकम भुक्तानी गर्ने ।

परिच्छेद ५
अनुगमन तथा मूल्याङ्कन

६) मूल्याङ्कन समिति सम्वन्धी व्यवस्था :

क) कार्यक्रम अनुसार प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा गाउँपालिका अध्यक्षको स्वीकृती बमोजिम कार्यक्रम मूल्याङ्कन समिति रहनेछ ।

ख) मूल्याङ्न समितिले अनुसूची ५ बमोजिमको ढाँचामा अनुगमन तथा मूल्याङ्कन गरि अनुदानग्राही छनौट तथा सिफारिसका आधारमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा गाउँपालिका अध्यक्षबाट स्वीकृत पश्चात वितरण गर्ने ।

ग) घाँसको विउ, औषधी, परजीवी नियन्त्रण सम्बन्धी औषधी तथा खोप जस्ता वितरणका तथा कार्यकम सञ्चालन कृषकको माग बमोजिम शाखाले नै मूल्याङ्कन तथा छनौट गरि वितरण गर्नेछ ।

घ) सञ्चालित कार्यक्रमको अनुगमन गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत तथा सरोकारवाला पक्षले गर्नसक्नेछ ।

ङ) मूल्याङ्कन र अनुगमन समितिको सेवा सुविधा प्रचलित कानुन बमोजिम हुनेछ ।

परिच्छेद ६
विविध

७) विविध

क) संघ तथा प्रदेश सरकारबाट अनुदान प्राप्त गरेका कृषकहरुलाई दुई आ.व. सम्म एउटै प्रकृतिका कार्यकममा दोहोरो हुने गरी अनुदान दिईनेछैन ।

ख) यस कार्यविधि बमोजिम पालिकाबाट रु. पचास हजार वा सो भन्दा बढी अनुदान प्राप्त गरेको कृषकलाई आगामी दुई आ.व. सम्म अनुदानको कार्यकममा समावेश गरिने छैन । थप आवश्यक परेको खण्डमा कार्यपालिकोको निर्णय बमोजिम हुनेछ ।

ग) यस कार्यविधिमा उल्लेख भएको व्यवस्था प्रदेश र संघीय कानुनसगँ बाँझिएमा प्रदेश र संघीय कानुन बमोजिम हुनेछ ।

अनुसूची १
सूचनाको ढाँचा
प्रथम पटक प्रकाशित मिति : ..../......./...........

यस माथागढी गाउँपालिकाको आ.व........... को स्वीकृत वार्षिक कार्यक्रम...............अनुसार निम्न लिखित कार्यक्रमहरु पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८० बमोजिम लागत साझेदारीमा कार्य गर्न ईच्छुक व्यवसायिक फर्म/कृषक/कृषक समुहले यो सुचना प्रकाशित भएको मितिले .... दिनसम्म कार्यालय समय भित्र........................मा निवेदन दर्ता गर्नु हुन आवहान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपशिल :

क.स	कार्यक्रम	कार्यकम मापदण्ड	कार्यालयको अनुदान रकम/प्रतिशत	कृषकको लागत सहभागिता	कैफियत

....

प्रमुख प्रशासकीय अधिकृत

माथागढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
झडेवा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

अनुसूची २

निवेदनको ढाँचा

श्रीमान् .... ज्यू,   मितिः २०८०। ।
माथागढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
झडेवा, पाल्पा

विषय : निवेदन पेश गरेको सम्बन्धमा ।

महोदय, उपर्युक्त विषयमा त्यस कार्यलयको मिति .... का दिन प्रकाशित सुचना अनुसार म/हामी निवदेकले .... कार्यक्रममा सहभागी हुनका लागि योग्य रहके ले सूचनामा माग गरे अनुसारका कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु/छौं । साथै लागत सहभागिता बापतको रकम तिर्न मन्जुर रहेको छ ।

निवेदकः
नामः
ठेगानाः
फार्मको नामः
दस्तखत्:
मितिः
सम्पर्क नंः

अनुसूची ३

व्यवसायिक कार्ययोजना पेश गर्दा संलग्न हुनु पर्ने कागजातहरु

१. नेपाली नागरिकताको प्रतिलिपि ।
२. अनुसुची-२ अनुसारको ढाँचामा निवेदन ।
३. अनुसुची-४ अनुसार विस्तृत व्यवसायिक कार्ययोजना ।
४. जग्गाको स्वामित्व देखिने कागजात -भाडामा भए १० वर्ष सम्झौता पत्रको प्रतिलिपी) ।
५. प्रचलित कानुन बमोजिम दर्ता भए भएको प्रमाण पत्र प्रतिलिपि ।
६. स्थायी लेखा नम्बर/भ्याट दर्ता र कर चुक्ता भएको प्रमाण पत्रको प्रतिलिपि ।
७. प्रस्तावकले कम्तिमा .... लागत साझदारी गर्ने प्रतिवद्वता पत्र ।
८. निर्माण कार्यको हकमा प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान ।
९. शैक्षिक योग्यता, तालिम, अनुभव तथा बैदेशिक रोजगारबाट फर्केकोप्रमाणित प्रतिलिपि ।

अध्यक्ष

अनुसूची ४
कार्ययोजनाको ढाँचा

कार्यकमको संक्षिप्त व्यवसायिक कार्ययोजना

कार्यक्रमको नाम : ....

जिल्ला : पाल्पा

गा.पा : माथागढी वडा नं :.......... टोल :..........................

फार्मको नाम :..

सन्चालकको नाम :..

१. व्यवसायको परिचय :..

२. उद्देश्यहरु :..

३. पशुपंक्षी पालन व्यवसायको अनुभव :.......................................

४. व्यवसाय सञ्चालन गरिने स्थान :..

५. व्यवसाय सञ्चालनका लागि रहेका पुर्वाधारहरु :....................................

६. हाल पालन गरिएको पशु विवरण र संख्या :...

७. तालिम सम्बन्धी विवरण :.....................................

८. सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरण :

क्र.स.	सञ्चालन गरिने कार्यकम	अनुदान प्रतिशत	निजी लगानी प्रतिशत	कैफियत
१				
२				
३				

९. सञ्चालन हुने कार्यकम्रको वातावरणीय उपयुक्तता(प्रभाव पर्ने वा नपर्ने) :....................

१०. उत्पादित वस्तुको बजार योजना :.....................

११. थप आधारहरु: उपलब्ध जग्गाको स्वामित्व :..

उपलब्ध जग्गाको क्षेत्रफल :...

दैनिक ...... उत्पादन बिकी :..

अपेक्षित वार्षिक प्रतिफल :..

अन्य कारोवार :...

१२. हाल सम्म कुनै पनि निकायबाट अनुदानमा .... लिए/ नलिएको :....................

क) लिएको भए कुन निकाएबाट कहिले लिएको :..

संलग्न कागजातहरु :

१.

२.

अध्यक्ष

३.

कार्ययोजना पेश गर्ने: फार्मको नाम :..

सञ्चालक/कृषकको नाम :....................................

स्थायी ठेगाना जिल्ला : पाल्पा गा.पा .: माथागढी वडा नं. .... टोल....................

फर्म सञ्चालन गरिने स्थान :..

फर्म/कृषकको तर्फबाट सही गर्नेको दस्तखत :

दायाँ	बायाँ

अनुसूची ५
मूल्यांकनको ढाँचा

प्रस्ताव मुल्यांकनका आधारहरु

१. नाम:

२. ठेगाना:

३. कार्यक्रमको नाम:

४. मुल्यांकनका आधारहरु

क) नेपाली नागरिकताको प्रमाणपत्रको छायाँ प्रति छ । छैन

ख) तोकिएकोढाचाँमा निवेदन र कार्ययोजना छ । छनै

ग) जग्गाको स्वामित्व देखिने कागजात वा सम्झौता पत्र छ । छैन

घ) स्थानिय तह । आधिकारिक निकायमा दर्ता नविकरण प्रमाण पत्रको प्रतिलिपी छ । छैन

ङ) पान दर्ता र करचुक्ताको प्रमाण पत्रको प्रतिलिपी छ ।छैन

च) लागत साझेदारी गर्ने प्रतिवद्धता छ । छैन

छ) वडा कार्यालयको सिफारिस छ । छैन

ज) सूचनामा माग भएका अन्य कागजातहरु छ । छैन

क.स.	विवरण	भार प्राप्ताङ्क	कैफियत
१	कार्यक्रम कार्यन्वयन स्थलको भौतिक पूवार्धारको अवस्था	२०	
२	व्यवसाय व्यवस्थापनको अवस्था र संवाहक	१०	
३	प्राविधिक रूपमा उपयुक्त र स्थान अवस्थिति	१०	
४	रोजेगारीको अवस्था		
४.१	कम्तिमा २ जना भए	२	
४.२	सो भन्दा बढी भए	३	
५	वातावरणीय/सामाजिक प्रभाव	५	
६	उत्पादित बस्तुको बजार योजना	५	
७	व्यवसाय विस्तार गर्न सक्ने क्षमता र उत्पादकत्व वृद्धि हुन सक्ने सम्भावना	१५	
८	कार्ययोजनाको अवस्था	५	
९	सम्वन्धित विषयमा अध्ययन र तालिम	५	
१०	जग्गाको स्वामित्व		
१०.१	निजी	१०	
१०.२	भाडामा	५	
११	अन्य वस्तुगत अवस्था	५	
	जम्मा	१००	